**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २५ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि महाराष्ट्रको पुणेको भ्रमण गर्नुहुनेछ । उहाँले २२ हजार ६ सय करोड रुपियाँ भन्दा अधिक मूल्यको विभिन्न परियोजनाहरुको उद्घाटनए शिलान्यास पछि राष्ट्रलाई समर्पित गर्नुहुनेछ ।
२. भारतका नियन्त्रक तथा महालेखा परीक्षक गिरिशचन्द्र मुर्मूले, क्यागले आर्टिफिसियल इन्टेलिजेन्सलाई रिपोर्ट तयार गर्न र डाटा एनालिटिक्सको व्यवस्थापनमा एकीकृत गर्न काम गरिरहेको बताउनु भएको छ ।
३. दार्जीलिंगको शहीद दुर्गा मल्ल जिल्ला अस्पतालमा आज देखि नयाँ ओपीडी- को शुरुवात भएको छ स
४. जीटीए क्षेत्रका चियाकमानहरूमा २० प्रतिशत बोनस दिने मागमा जीटीए प्रमुख कार्यपाल अनित थापाले राज्यका श्रम विभागीय मन्त्री मलय घटकलाई पत्रचार गर्नुभएको छ।
५. प्रेस क्लब अफ् खरसाङको आयोजनामा आज खरसाङमा मिडिया कार्यशाला सम्पन्न भएको छ ।

**प्रधानमन्त्री – पुणे भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि महाराष्ट्रको पुणेको भ्रमण गर्नुहुनेछ । उहाँले २२ हजार ६०० करोड रुपियाँ भन्दा अधिक मूल्यको विभिन्न परियोजनाको उद्घाटनए शिलान्यास र राष्ट्रलाई समर्पित गर्नुहुनेछ । श्री मोदीले जिल्ला अदालतबाट पुणेको स्वारगेटसम्म चल्ने मेट्रो ट्रेनलाई झण्डा देखाउनुहुनेछ। सुपरकम्प्युटिङ टेक्नोलोजीको क्षेत्रमा भारतलाई आत्मनिर्भर बनाउने आफ्नो प्रतिबद्धता अनुरुप प्रधानमन्त्री श्री मोदीले राष्ट्रिय सुपरकम्प्युटिङ मिसन अन्तर्गत स्वदेशमा विकास गरिएका लगभग १३० करोड रुपियाँ मूल्यको तीन वटा परम रुद्र सुपर कम्प्युटर राष्ट्रलाई समर्पित गर्नुहुनेछ । यी सुपर कम्प्युटरहरू पुणेए दिल्ली र कोलकातामा अग्रणी वैज्ञानिक अनुसन्धानको सुविधाका लागि तैनाथ गरिएको छ। प्रधानमन्त्री श्री मोदीले मौसम र जलवायु अनुसन्धानका लागि तयार पारिएको हाई पर्फमेन्स कम्प्युटिङ प्रणालीको पनि उद्घाटन गर्नुहुनेछ । यस परियोजनाले ८५० करोड रुपियाँको लगानीको प्रतिनिधित्व गर्दछए जसले मौसम विज्ञान अनुप्रयोगहरूको लागि भारतको कम्प्यूटेशनल क्षमतामा महत्त्वपूर्ण फड्को मारेको छ।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी- श्मेक इन इन्डियाश**

प्रधानमन्त्री नरेन्द्र मोदीले श्मेक इन इन्डियाश अभियानको १० वर्ष पूरा भएकोमा खुशी व्यक्त गर्नुभएको छ । श्री मोदीले भन्नुभएको छ -ए श्मेक इन इन्डियाश्ले १४० करोड भारतीयको देशलाई उत्पादन र नवप्रवर्तनको पावर हाउसमा रूपान्तरण गर्ने सामूहिक सङ्कल्पलाई चित्रण गर्दछ । उहाँले श्मेक इन इन्डियाश्लाई सबै सम्भव तरिकाले प्रोत्साहित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । श्री मोदीले भन्नुभएको छ - विभिन्न क्षेत्रहरूमा निर्यात बढेको छए क्षमताहरू निर्माण गरिएको छए र यसैले अर्थव्यवस्था बलियो भएको छ। उहाँले विगत एक दशकदेखि यस आन्दोलनलाई सफल बनाउन अथक प्रयास गर्ने सबैको प्रशंसा गर्नुभएको छ । प्रधानमन्त्री मोदीले सरकार सबै सम्भव तरिकाहरू मार्फत मेक इन इन्डियालाई प्रोत्साहित गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ स

****** ० ******

**भारतका नियन्त्रक तथा महालेखा परीक्षक**

भारतका नियन्त्रक तथा महालेखा परीक्षक गिरिशचन्द्र मुर्मूले क्यागले आर्टिफिसियल इन्टेलिजेन्सलाई रिपोर्ट तयार गर्न र डाटा एनालिटिक्सको व्यवस्थापनमा एकीकृत गर्न काम गरिरहेको बताउनु भएको छ । १६ औं एसियन अर्गनाइजेसन

अफ सुप्रिम अडिट इन्स्टिच्युसन ;ए.एस.ओ.एस.ए.आई.द्ध मा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै श्री मुर्मुले क्यागले सन् २०३० सम्ममा ५०० गिगावाटको लक्ष्य हासिल गर्न गैर परम्परागत ऊर्जाको पहलमा ध्यान केन्द्रित गरिरहेको बताउनु भएको छ । महालेखा परीक्षकले क्षमता अभिवृद्धिका लागि विभिन्न पहल गरेको र लेखापरीक्षकलाई सबै अवलोकनलाई क्याप्चर गर्न र हिताधारकहरुलाई साझा गर्न सबै सुविधाहरू प्रदान गरिरहेको जनाएको छ। आकाशवाणी समाचार सँगको विशेष बातचितमा श्री मुर्मूले डिजिटल अडिटलाई विभिन्न देशहरूले अपनाएको र यसले महत्वपूर्ण समयमा अहम भूमिका खेल्ने बताउनु भएको छ ।

****** ० ******

**श्रम मन्त्रालय**

श्रम मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो वार्षिक आवधिक श्रमशक्ति सर्वेक्षण अनुसार गत वर्ष देशमा बेरोजगारी दरमा उल्लेख्य कमी आएको छ । हरियाणा जस्ता राज्यहरूले यस दिशामा उल्लेखनीय प्रगति गरेका छन्। सर्वेक्षण प्रतिवेदन अनुसार सन् २०२३–२४ मा राष्ट्रिय औसत बेरोजगारी दर ३.२ प्रतिशत रहेको छ । यो अवधिमा सन् २०२२–२३ को तुलनामा ५.१ प्रतिशतले कमी आएको छ । हरियाणाए तमिलनाडुए छत्तीसगढ र मध्य प्रदेशमा बेरोजगारी दरमा तीव्ररुपमा कमि आएको छ । हरियाणामा बेरोजगारी दर २०२२-२३ मा ९.२ प्रतिशतबाट घटेर २०२३-२४ मा ३.४ प्रतिशत भएको छ।

****** ० ******

**कोलकाता पुलिस**

कोलकाता पुलिसको स्पेशल टास्क फोर्स (एसटीएफ)- ले बिहारको भागलपुर जिल्ला अन्तर्गत चाँदपुर गाउँमा एउटा अवैध मिनी गन फ्याक्ट्रीको भण्डाफोर गरेको छ। यो छापामारी बिहार एसटीएफए कोलकाता पुलिसको एसटीएफ औ आमडाँडा थानाए भागलपुरको संयुक्त टीमले गरेको हो। टीमलाई यो सफलता एक विशेष गुप्त जानकारीको आधारमा प्राप्त भएको हो।एसटीएफका डिप्टी कमिश्नर आई.पी.एस वी. सुलेमन नेशा कुमारलेए यस अभियानमा पुलिसले गन फ्याक्ट्रीबाट १५ वटा अर्धनिर्मित ७ण्६५ एमएम पेस्तोल तथा हतियार निर्माण गर्ने उपकरणहरूलाई जफ्त गरेको छ। फ्याक्ट्रीबाट चारजना कुशल हतियार निर्माता लगायत जमीनका मालिकलाई पनि पक्राउ गरिएको छ स पुलिसले थप जाच प्रक्रियालाई अघि बढाएको छ स

****** ० ******

**दार्जीलिंग – नयाँ ओपीडी**

दार्जीलिंगको शहीद दुर्गा मल्ल जिल्ला अस्पतालमा नयाँ ओपीडी- को शुरुवात भएको छ स आज यस नया ओपीडीको उद्घाटन गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यापल अनित थापाले गर्नुभयो स यस अवसरमा श्री थापाले मानव स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै जनसेवाको भावना राखेर यो पहल गरिएको बताउनुभएको छ । उहाँले स्वस्थ्य सेवाको समस्यालाई बिस्तारै समाधान गर्दै आईरहेको बताउनु भएको छ ।श्री थापाले जीटिएले ईडेन अस्पतालमा रहेको ओपिडीलाई जिल्ला अस्पतालमा स्थानान्तर गरेको जानकारी दिनुभएको छ । यहाँ ३३ कोठाको ओपिडी सञ्चालन हुनेछ। अबदेखि रोगी जाँच गराउन आउने रोगीहरूले आफ्नो रोगको जाँच यस नयाँ ओपीडीमा गराउन सक्नेछन्। जीटीएले दार्जीलिङ तथा वरिपरिका जनताको स्वास्थ्य जाँचको लागि लगभग 80 लाख रूपियाँ बराबरको राशि खर्चेर नयाँ अनि अत्याधुनिक प्रकारले यस ओपीडी बनाएको बताइएको छ।केही दिन पछि यसै ओपिडी-को माथिल्लो तल्लामा जाँच गर्ने ल्याब पनि शुरु हुने भएको छ स

****** ० ******

**अनित थापा- चिया बगान**

जीटीए क्षेत्रका चियाकमानहरूमा २० प्रतिशत बोनस दिइयोस् भन्दै जीटीए प्रमुख कार्यपाल अनित थापाले पश्चिम बंगाल सरकारको श्रम विभागीय मन्त्री मलय घटकलाई पत्र लेख्नु भएको छ। यसको साथै श्रमिकहरूको मागलाई सही रूपमा सम्बोधन नभएसम्म टी. एड्भाइजरी कमिटीको बैठक बहिष्कार गर्ने पनि उहाँले अड़ान लिनु भएको छ। श्री थापाले आज मन्त्री मलय घटकलाई पत्राचार गर्दै ळज। क्षेत्रका चियाकमानहरूमा २० प्रतिशत बोनस दिइनुपर्ने अनुरोध गर्नु भएको हो।कम्ती रोज तथा ज्याला अनि चुनौतीपूर्ण अवस्थासित जुझ्दै कमानमा काम गर्ने चिया श्रमिकहरूलाई वर्षमा एकपल्ट दिइने बोनस उनीहरूको कडा

परिश्रम र समर्पणलाई ध्यानमा राखेर नै दिइनुपर्ने पत्रमा श्री थापाले आशय प्रकट गर्नु भएको छ।उहाँले चियाश्रमिकहरूको माग सम्बोधन नभएसम्म चिया सल्लाहकार बैठकहरूमा उपस्थित नहुने पनि बताउनु भएको छ। उल्लेखनीय छए श्री थापा टी. एड्भाइजरी कमिटीका सदस्य पनि हुन्। थापाले २० प्रतिशत बोनसको मागलाई श्रम विभागले सहानुभूतिपूर्वक विचार गर्नुपर्ने अनि मालिकपक्षले पनि दशैंअघि नै बोनस दिने व्यवस्था गरिइनुपर्ने अपील गर्नु भएको छ।

****** ० ******

**सिङताम कमान बन्द**

बोनसको छलफल नभई सिङ्ताम चियाबगानका प्रबन्धकहरूले चियाबगान छोडेका छन् । आज बिहान चियाबगान कारखानाको मुख्य स्टोरमा ताला लगाइएको देखेपछि यहाँका चियाश्रमिकहरू अवाक बने। यसैबीचए उनीहरूले म्यानेजर बङ्लोमा प्रबन्धकहरू पनि नदेखेपछि प्रबन्धकहरूले चियाबगान छोड़ेको स्पष्ट भएको स्थानीयहरूले बताएका छन्। तर चियाबगान छोड़ेर यहाँका प्रबन्धकहरू कहाँ अनि किन गए भन्नेबारे कसैले सही जवाब पाउन सकेका छैनन्। चियाबगान बन्द गरिएको कुनै नोटिस पनि नभएको कारण आज यहाँका श्रमिकहरू पनि काममा जानु कि नजानु भन्ने विषयमा दोधार बनिरहे। यसबारे दार्जीलिङका केही श्रमिक संगठनहरूले अहिले नै चियाबगान बन्द भएको वा प्रबन्धकहरूले चियाबगान छोड़ेको निश्चित भइ नहालेको बताएका छन्। अर्कोतिर प्रबन्धकहरूले कमान छोडेको थाहा पाएपछि दार्जीलिङ सदर-१ समष्टिका अध्यक्ष अमृत योञ्जन चियाबगानमा पुगेर स्थानीय श्रमिक संगठनका नेतृत्वहरूसित एक बैठक गर्नु भयो । श्रमिकहरूको हकए अधिकार र भविष्यको सुरक्षा सुनिश्चित गर्न उहाँले आवश्यक पदक्षेप ग्रहण गर्ने बताउनु भएको छ।

****** ० ******

**डुवर्स-चिया श्रमिक धरना**

तराई-डुवर्सका चियाकमानहरूमा 16 प्रतिशत बोनस दिइने घोषणा भएपछि यता डुवर्सका विभिन्न चियाकमानहरूमा चियाश्रमिकहरू असन्तुष्ट बन्दै आन्दोलन शुरू गरेका छन्। यसैबीच जलपाइगढ़ी जिल्लाको नगरकट्टा खण्ड अन्तर्गत लुक्सान चियाकमानमा आज चियाश्रमिकहरूले 20 प्रतिशत बोनसको मागमा कमानको मुख्य कार्यालय अघि धरना प्रदर्शन गर्दै कमान प्रबन्धकलाई घेराउ गरेको जानकारी प्राप्त भएको छ स जबसम्म 20 प्रतिशत बोनस पाइँदैन तबसम्म चियाकमानमा आन्दोलन जारी राख्ने अनि कामकाज सबै बन्द गर्ने चेताउनी पनि श्रमिकबर्गले दिएका छन्। कोलकातामा भएको बोनस समझौताको श्रमिकहरूले विरोध जनाएका छन्।

****** ० ******

**प्रेस क्लब अफ् खरसाङ- कार्यशाला**

प्रेस क्लब अफ् खरसाङको आयोजनामा आज खरसाङमा मिडिया कार्यशाला सम्पन्न भयो । प्रेस क्लब अफ् खरसाङ र गुगल डाटा लिड्स न्युज ईनिसियटिभ ईण्डिया ट्रेनिङ नेटवर्कको तत्वावधानमा खरसाङको गोर्खा जनपुस्ताकालय भवनमा सम्पन्न कार्यशाला कार्यशालामा प्रशिक्षकको रूपमा गुगल डाटा लिड्स न्युज ईनिसियटिभ ईण्डिया ट्रेनिङ नेटवर्कका पत्रकार सुमिता जायसवाल उपस्थित हुनुहुन्थ्यो 1 कार्यशालालाई पत्रकार हनोक थापाले सञ्चालन गरेका थिए भने क्लबका सभापति पत्रकार मुरारीलाल पञ्चमले स्वागत सम्भासण राखेका थिए। कार्यशालामा क्लबसित सम्बन्धित बिभिन्न संचार माध्यमसित आबद्ध पत्रकारहरुलाई वरिष्ठ पत्रकार सुमिता जायसवालले सामाजिक सञ्जालमा झूटो समाचार र यसको सही र गलत जाँच विषयमा प्रशिक्षण दिनुभयो मिडिया कार्यशालापछि प्रशिक्षक वरिष्ठ पत्रकार सुमिता जायसवाललाई प्रेस क्लब अफ् खरसाङको पक्षबाट सम्मान जनाइएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**आरजी कर मेडिकल कलेज**

आरजी कर मेडिकल कलेज एवं अस्पतालमा एकजना डाक्टर छात्राको मृत्युपछि पोस्टमर्टममा लापरवाही गरेको आरोप अघि आइरहेको छ। सीबीआईद्वारा यस मामिलाको गहन जाँच गरिँदैछ। दुईजना डाक्टर अनि डोमको बयानबाट थाहा लागेको छ, पोस्टमर्टम गर्ने क्रममा केही महत्वपूर्ण प्रक्रियाहरूमा त्रुटि भएको छ।

****** ० ******